अन्नपुर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
स्था: २०७३
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं. ९८५७६८३८१० (प्र.प्र.अ.)
ईमेल :ito.annamun@gmail.com
वेब :
www.annapurnamunmyagdi.gov.np

प.सं ०७८।७९
च.नं ५०७

मिति : २०७८/०९/०५

श्री अन्नपुर्ण गाउँपालिका क्षेत्रभित्रका सम्पुर्ण सहकारी संस्थाहरु,

म्याग्दी ।

**विषय विवरण पेश गर्ने सम्वन्धमा ।**

उपरोक्त विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (ख) मा सहकारी संस्था सम्वन्धी नीति ,कानुन मापदण्डको निर्माण कार्यान्वयन,नियमन,दर्ता,अनुमति,खारेजी र विघटन,संस्थाको क्षमता अभीवृद्दि,अध्ययन,अनुसन्धान,सहकारी क्षेत्रको प्रवर्दन र विकास लगायतका कार्यहरू स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहेको कुरा त सर्वविदितै छ । उक्त व्यवस्थाको कार्यान्वयनका लागि अन्नपुर्ण गाउँपालिकाको सहकारी ऐन२०७५ जारी भइ कार्यान्वयनमा आइसकेको हुनाले तपशिल वमोजिमका विवरण ७ दिनभित्रमा पठाइदिनुहुन सम्पुर्ण सहकारी संस्था हरुलाई अनुरोध गरिन्छ । साथै भूमी व्यवस्था,कृषी,सहकारी तथा गरिवी निवारण मन्त्रालय,सहकारी रजिष्टारको कार्यालयको पत्रको छायाँप्रति पनि यसै पत्रसाथ संलग्न छ । माग गरेको विवरण सोही वमोजिम भरी पठाउनुहुन पनि अनुरोध गरिन्छ।

सुरज प्रसाद शर्मा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तपशिल :

१। कारोवारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन ।
२। वार्षिक योजना तथा कार्यक्रम ।
३। खुद वचत सम्वन्धी निती तथा योजना ।
४। शेयर सदस्य संख्या शेयर पुँजी तथा ऋण लगानी ।
५। सहकारी संस्थाको कार्यालय संचालन भइरहेको कार्यालय भवनको हालसालै खिचेको फोटो १ थान ।
६। संचालकको नाम, थर ,ठेगाना साथै सम्पर्क नम्वर ।

बोधार्थ : श्री वडा कार्यालयहरू सवै, अन्नपुर्ण गा.पा. म्याग्दी ।(आवश्यक कागजात सहित गाउँपालिकाको कार्यालयमा सम्पर्कको लागि सहजिकरण गरिदिनुहुन)

श्री सुचना प्रविधि शाखा website मा अपलोड गरिदिनुहुन ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## सहकारी रजिष्ट्रारको कार्यालय
पोखरा, नेपाल

☎ ०६१-५२०९५०
e-mail : pradeshsahakarigandaki@gmail.com

पत्र सं. २०७८/७९
च.नं. ११५

मिति २०७८/०८/२६

विषयः विवरण उपलब्ध गराईदिनु हुन।

श्री गण्डकी प्रदेश स्थित् सम्पुर्ण गाउँपालिका तथा नगरपालिकहरु

प्रश्तुत विषयमा भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय गण्डकी प्रदेश अन्तर्गत स्थापित यस सहकारी रजिपष्ट्रारको कार्यालयवाट यस गण्डकी प्रदेश भित्र रहेका सहकारी संघ संस्थाहरुको अद्यावधिक गर्ने कार्य भैरहेकोले तहाँ पालिका भित्र रहेका सहकारी संघ संस्थाहरुको विवरण तपसिल बमोजिमको ढाँचामा तयार गरी यस सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशको e-mail: pradeshsahakarigandaki@gmail.com मा उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ।

तपसिल

| क्र.स. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता मिति | दर्ता नं. | हालको २०७८ असार मसान्त सम्मको | | | सम्पर्क फोन नम्बर | e-mail | कार्यक्षेत्र संघ/प्रदेश/स्थानीय तह | सदस्य संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | शेयर पुँजी | बचत | ऋण लगानी | | | | महिला | पुरुष |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

उदय बहादुर पराजुली
रजिष्ट्रार

अन्नपूर्ण गाउँपालिका
दर्ता नं.: १००
दर्ता मिति: ०७८/०८/२८